## बैठक नं.१०

मिति २०८१।०४।११ गते शुक्रवार जिल्ला सरकारी वकील कार्यालय, बर्दियाको आयोजनामा सरकारी वकील र अनुसन्धान अधिकृतबीच सरकारी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन देहाय बमोजिमको उपस्थितीमा वैठक वसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

**सरकारी वकीलहरु**

जिल्ला न्यायाधिवक्ता श्री कर्ण बहादुर बुढाक्षेत्री

सहायक जिल्ला न्यायाधिवक्ता शिवराज पौडेल

**अनुसन्धान अधिकृतहरु**

१) प्रहरी उपरीक्षक श्री प्रविण धिताल, जिल्ला प्रहरी कार्यालय, बर्दिया ।

२) प्रहरी नायब उपरीक्षक सागर बोहरा, इलाका प्रहरी कार्यालय, राजापुर, बर्दिया ।

३) प्रहरी निरीक्षक श्री रुपेश साह, इलाका प्रहरी कार्यालय, मोतिपुर, बर्दिया ।

४) प्रहरी निरीक्षक श्री राजेन्द्र बहादुर के.सी., इलाका प्रहरी कार्यालय, पाताभार बर्दिया ।

५) प्रहरी निरीक्षक श्री मनिष श्रेष्ठ, इलाका प्रहरी कार्यालय, बानियाभार बर्दिया ।

६) प्रहरी निरीक्षक श्री लोकेन्द्र सिंह ठगुन्ना, इलाका प्रहरी कार्यालय, मैनापोखर, बर्दिया ।

७) प्रहरी निरीक्षक श्री बिष्णु प्रसाद श्रेष्ठ, इलाका प्रहरी कार्यालय, ढोढरी, बर्दिया ।

८) प्रहरी निरीक्षक श्री गोपाल न्यौपाने, जिल्ला प्रहरी कार्यालय, बर्दिया ।

९) प्रहरी निरीक्षक श्री रेवन्त सेन, प्रहरी इलाका प्रहरी कार्यालय राजापुर बर्दिया ।

१०) प्र.ब.ना.नि.श्री नवराज रावल, जिल्ला प्रहरी कार्यालय बर्दिया ।

११) प्र.ना.नि.जय प्रकाश भट्ट इलाका प्रहरी कार्यालय, मैनापोखर, बर्दिया

**अनुसन्धान सहायक**

१२) प्रहरी सहायक निरीक्षक श्री दिनेश भण्डारी प्रहरी कार्यालय, मैनापोखर, बर्दिया

१३) प्रहरी सहायक निरीक्षक श्री दर्पण राना प्रहरी कार्यालय, ढोढरी, बर्दिया ।

१४) प्रहरी हवल्दार श्री पवित्र बि.क. इलाका प्रहरी कार्यालय बानियाभार बर्दिया

**आमन्त्रित**

टाईपिष्ट नायब सुब्बा श्री भगवती शर्मा पौडेल, जिसवका बर्दिया

नायब सुब्बा श्री बसन्त न्यौपाने जि.स.व.का. बर्दिया

**छलफलका विषयहरु:**

१. उजुरी सम्बन्धमा ।

२. भौतिक सवुत/दशी संकलन र परिक्षण सम्बन्धमा ।

३. वयान व्यवस्थापन सम्बन्धमा ।

४. म्याद थप व्यवस्थापन सम्बन्धमा ।

५. अनुसन्धान प्रतिवेदन सम्बन्धमा ।

**निर्णहरु**

**निर्णय नं.१ विषय नं. १ का सम्बन्धमा**

१) मुलुकी कार्यविधि संहिता २०७४ को दफा १० बमोजिम प्रारम्भिक अनुसन्धान प्रतिवेदन जाहेरी वा सूचना दर्ता हुनासाथ तुरुन्त/प्रारम्भिक अनुसन्धान सुरु गरेको ३ दिन भित्र अनिवार्य रुपमा सरकारी वकील कर्यालयमा पेश गर्ने ।( पहिलो म्याद थप गर्दाको दिन प्रारम्भिक अनुसन्धान प्रतिवेदन पेश गर्ने )

२) उजुरी दर्ता गर्दा व्यक्ति, संघ संस्थाको दवाव र प्रभावमा भन्दा पनि कसूरको सत्यतथ्य प्रमाणको आधारमा दर्ता गर्ने ।

३) जुनसुकै कसूरलाई अभद्र व्यवहारको कसूर वनाई मुद्दा दर्ता नगर्ने ।(उदाहरण श्रीमान श्रीमतीको झगडामा समेत अभद्र व्यवहार कसूरमा दर्ता भएको )

४) पीडित र पीडकको उमेर खुल्ने कागजात संकलन गरेर मात्र उजुरी दर्ता गर्ने गराउने । त्यो सम्भव नभएमा म्याद थप गराउनु पूर्व अनिवार्य रुपले पीडकको उमेर खुल्ने कागजात संकलन गर्ने ।

५) पीडितको नाम थर गोप्य राख्नु पर्ने मुद्दामा पीडितको घर वतनमै वारदात घटेको रहेछ भने वास्तविक विवरण खुलाई वनाईएको घटनास्थल मुचुल्का वा अन्य कागज खामवन्दी गर्ने र परिवर्तित नाम राख्ने कागजमा नाम, थर, ठेगाना, चार किल्ला सहितको पहिचान खुल्ने विवरण उजुरी देखि नै उल्लेख नगर्ने ।

**निर्णय नं.२ विषय नं.२ का सम्बन्धमा**

१) भौतिक सवुत प्रमाणको संकलन घट्ना हुने वित्तिकै सुरक्षित तवरले गरी तत्काल परिक्षणको लागि प्रयोगशालामा पठाई प्रतिवेदन मिसिल संलग्न गर्ने ।

२) अपराध वा कसूर सँग असम्बन्धित देशी सरसामान वरामद नगर्ने ।कसूरसँग सम्बन्धित प्रमाणहरु मात्र संकलन गर्ने।

**निर्णय नं.३ विषय नं.३ का सम्बन्धमा**

१) वयान गराउन दिनको १२:०० बजे भित्र ल्याई वयान रजिष्टरमा चढाउने ।

२) थुनुवा कक्षमा थुनुवा राखी १२:०० बजे भित्र ल्याइएका प्रतिवादीहरुको वयान कक्षमा वयान गराउने

३) वयान कक्षमा वयान गराउदा आवस्यक सर सामान अनुसन्धान अधिकृत स्वयले व्यवस्थापन गर्नुपर्नेछ। शुक्रवार वाहेक अन्य दिनमा मात्र वयान गराउन ल्याउने ।

निर्णय नं.४ विषय नं.४ का सम्बन्धमा

१) अन्तिम हिरासतमा राखे म्यादको कम्तिमा ५ दिन अगाडी अनुसन्धान प्रतिवेदन सहित निर्णयार्थ मिसिल पेश गर्ने ।

२) गम्भिर/जघन्य/जेलिएका/धेरै प्रतिवादी तथा पीडित भएका मुद्दाहरुमा प्रत्येक ५-५ दिनमा संकलित कागजातहरुको नक्कल सरकारी वकील कार्यालयमा अपडेट गरी पठाउने ।

३) मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ४८ (८) को प्रतिवन्धात्मक वाक्याश विपरित हिरासतमा नराखी सो भन्दा अगावै अनुसन्धान प्रतिवेदन पठाउने ।(उदाहरणको लागि लागू औषध गाँजाको सेवनमा ३० दिन भन्दा बढि कैद सजाय नहुने व्यवस्था रहेकोले ३० दिन भित्र सम्बन्धित निकायमा मुद्दा दर्ता हुने गरि पेश गर्ने ।)

४) विहिवार र शुक्रवार वाहेकका दिनमा मात्र अनुसन्धान प्रतिवेदन सहितको मिसिल पेश गर्ने ।